# कार्यपालिका बैठकको निर्णय

(मिति २०७७/०६/०२ गते)

निर्णय नं. १ :- यस टीकापुर नगरपालिकाको विभिन्न कामकारवाहीलाई व्यवस्थित तथा नियमन गर्ने सम्बन्धमा तपसिल बमोजिमका कार्यविधि उपर दफावार छलफल गरी स्वीकृत गरियो ।

क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि, २०७७

ख) सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७

ग) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्वन्धी कार्यविधि, २०७७

निर्णय नं. २ :-यस टीकापुर नगरपालिकाको नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित सम्वन्धमा नगरपालिकाकाबाट स्वीकृत नियमावली तथा कार्यविधिमा केहि अस्पष्टता रहेको र नगर प्रमुखबाट कार्यपालिका बैठकको निर्णय प्रमाणित हुने गरेकोमा उक्त दफाहरुमा निम्नानुसार संशोधन गरी स्थानीय सरकार संचालन ऐनको दफा ८४ (ज) वमोजिम यस बैठक देखिनै लागु हुनेगरी प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिका बैठकको निर्णय प्रमाणित गर्ने ।

तपसिल :

| नगरपालिकाकाबाट स्वीकृत नियमावली/कार्यविधि/निर्देशिका/मापदण्डको नाम | विद्यमान व्यवस्था | संशोधन पश्चात कायम रहने व्यवस्था | कैफियत |
|---|---|---|---|
| टीकापुर नगरपालिका , नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७४ | बुंदा न ४ (१) कार्यपालिकाले बनाएका नीति , निर्देशिका तथा कार्यविधि कार्यकारी अधिकृतले तीन प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्नेछ । | बुंदा न ४ (१) कार्यपालिकाले बनाएका नीति , निर्देशिका तथा कार्यविधि नगर प्रमुखले तीन प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्नेछ । | |
| टीकापुर नगरपालिका,नगर कार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधि, २०७४ | दफा १६.३ बैठकको अध्यक्षता गर्ने ब्यक्तिले बैठकको निर्णय प्रमाणित गर्नेछ । | दफा १६.३ कार्यपालिका बैठकको निर्णय बैठकको सचिव(प्रमुख प्रशासकीय अधिकृत) ले प्रमाणित गर्नेछ । | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३ :-** चालु आ.व. ०७७/०७८ का लीगि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सुदूरपश्चिम विशेष अनुदान तर्फ यस नगरपालिकाको वडा नं. ८ को कार्यालय नजिक दलित वस्तिमा आवास आयोजना संचालनका लागि शसर्त बजेट रु. ४९,००,०००। विनियोजन भएको सन्दर्भमा वडा नं. ८ को वडा समितिको सिफारिसमा आवश्यकताका आधारमा सो स्थानमा हाललाई ७ ओटा घर बनाउनुपर्ने भएको र उक्त घर निर्माणको लागत अनुमान रु ६३,२८,०१६।- रहेकोमा निर्माण कार्यमा अपुग हुन जाने रकम रु १४,२८,०१६ ।- यस नगरपालिकाको चालु आ.व. ०७७/०७८ का लागि समपुरक कोष अन्तर्गतका आयोजनाहरु शिर्षकमा विनियोजित बजेट बाट ब्यहोरिने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने सम्बन्धमा नगर कार्यपालिका कार्यालय (पूर्वाधार विकास शाखा तथा वातावरण ब्यवस्थापन शाखा)को मिति २०७७/५/२४ गतेको टिप्पणी आदेशको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४ :-** नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहयोगमा आर्थिक वर्ष २०७६/०७७ मा सुरक्षित भवन निर्माणका लागि यस टीकापुर नगरपालिकाको वडा नं. ६ को प्रसेनी गाउँ यस अघि छनौट गरिएकोमा वडा नं.६ को वडा समितिको मिति २०७७ भाद्र ३० गतेको बैठकको निर्णयबाट उक्त स्थान परिवर्तन गरी वडा नं. ६ को भगवानपुर कायम गर्न सिफारिस भई आएकोमा उक्त आयोजनाको निर्माण स्थल परिवर्तन गरी टीकापुर नगरपालिका, वडा नं. ६, भगवानपुर कायम गर्ने साथै निशुल्क जग्गा प्राप्ती सम्वन्धमा ६ नं.वडा समितिको २०७७ भाद्र २९ को निर्णय अनुसार जग्गा प्राप्तीका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. ५ :-** यस नगरपालिकामा २०७७ सालको संविधान दिवस तपसिल बमोजिमको कार्यक्रम सहित मनाउने ।

**तपसिल :**

क) टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सहित सवै वडा कार्यालयहरुमा २०७७ असोज २, ३ र ४ गते साझ दिप प्रज्ज्वलन गर्ने ।

ख) २०७७ असोज ३ गते टीकापुर अस्पतालमा रहेका विरामीहरुलाई फलफूल वितरण गर्ने ।

**निर्णय नं. ६ :-** यस नगरपालिकाको स्वामित्वमा रहेका सटर कवलहरुको भाडा समायोजन सम्बन्धमा कार्यपालिकाको बैठकको मिति २०७७ श्रावण २६ गतेको नि.नं. १ (ख) मा कार्यविधि वनाई कार्यान्वयन गर्ने निर्णय गरिएको र सो सम्बन्धमा थप अध्ययन विश्लेषण गरी राय पेश गर्न मिति २०७७ भाद्र १९ गतेको कार्यपालिका बैठकबाट कार्यदल गठन गरीएकोमा उक्त कार्यदलबाट मिति २०७७ आश्विन १ गते प्रतिवेदन पेश गरिएकोमा

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

उक्त प्रतिवेदन समेतलाई आधार लिई कार्यविधि मस्यौदा तयार गर्न यस अघी गठित कार्यदलका अन्य पदाधिकारी यथावत रहने गरी कानून अधिकृत थप गरी ६ सदस्यीय कार्यदल गठन गर्ने र सदस्य सचिवको हकमा कानून अधिकृतलाई जिम्मेवारी तोक्ने ।

तपसिल

| क्र.स | पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति संयोजक श्री रमेश वि.क | संयोजक | |
| २ | लेखा समिति संयोजक श्री लालविर चौधरी | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री उपमा देवी के.सी | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री डम्वर बहादुर राजी | सदस्य | |
| ५ | श्री दिला कुमारी जोशी, रेग्मी (राजश्व उपशाखा) | सदस्य | |
| ६ | श्री केशर बहादुर थापा, कानून अधिकृत | सदस्य सचिव | |

**निर्णय नं. ७** :-सशस्त्र प्रहरी बल, नेपाल वि.ओ.पी. खक्रौलाका लागि टीकापुर नगरपालिका वडा नं.७ कालाकुण्डामा वि.ओ. पोष्ट स्थापनाका लागि जग्गा उपलब्ध गराईदिने विषयमा ७ नं. वडा समितिको मिति २०७७/०५/२८ गतेको वैठकबाट निर्णय भएको र उक्त निर्णयको आवश्यक कार्यान्वयनका लागि ७ नं. वडा कार्यालयको च.नं.१८० , मिति २०७७/०६/०1 बाट सिफारिस भई आएकोमा वडा नं. ७ स्थित कालाकुण्डामा वि.ओ.पी.स्थापनाका लागि भारतको सिमाना सँग जोडिएको करिब २३ विगाह ऐलानी प्रति जग्गावाट क्षेत्रफल ००-१०-०० सशस्त्र प्रहरी बल वि.ओ.पी कालाकुण्डालाई भोगचलन गर्ने गरी प्रक्रिया अगाडि वढाउन सहमती प्रदान गर्ने ।

**निर्णय नं. ८** :- यहि मिति २०७७ भाद्र २ गते अछामको रामारोसन गाउँपालिकाको वडा नं. ५ स्थित सैनी वजारमा अविरल वर्षातका कारण कैलास खोलामा आएको बाढीका कारण ठूलो धनजनका साथै मानवीय क्षती हुन गएकोमा उक्त विपद्मा परेका परिवारहरुका लागि राहत स्वरुप यस नगरपालिकाको विपद् कोषबाट रु.५१,०००।- (एकाउन्न हजार) उपलब्ध गराउने ।

**निर्णय नं. ९** :- टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा कार्यरत अमृता कुमारी रावलले भूलवस संचितकोष खातामा बढि रकम दाखिला भएकोमा उक्त रकम फिर्ता पाउँ भनि मिति २०७७/०४/२५ गते पेश गर्नु भएको निवेदनको सम्बन्धमा यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखाबाट मिति २०७७ /०५/११ गते पेश भएको टिप्पणी आदेशमा उल्लेख भए बमोजिम सम्बन्धितलाई रकम फिर्ता गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत